☆ ☆ ☆

# News Release

**American Center, Embassy of the United States**
Yak & Yeti Complex (West Wing), Kathmandu. Tel: 444-5577
२०६३ चैत २९ गते

**डीभी विरोधीहरुलाई अमेरिकी राजदूतको अनुरोध**
**"भिसाभन्दा तपाईंको स्वास्थ्य महत्वपूर्ण छ"**

अमेरिकी दूतावास अगाडि धर्नामा बसेका व्यक्तिहरुलाई अमेरिकी राजदूत जेम्स एफ. मोरियार्टीले पहिला आफ्नो र परिवारको बारेमा सोच्न र वहाँहरुको घोषित भोकहडताल कार्यक्रम फिर्ता लिन आग्रह गर्नुभएको छ ।

"धर्नाकारीहरुको समूहसँग गत माघ २२ र फागुन २९ गते मेरा सहायकले गरेको प्रत्यक्ष वार्तामा हामीले वहाँहरुको स्वास्थ्यभन्दा ठूलो कुनै भिसा छैन भनेका थियौं ।" राजदूतले आज भन्नुभयो, "म वहाँहरुलाई पहिला आफ्नो परिवार, आफ्नो जीवन तथा नेपालमै आफ्नो भविष्यको बारेमा सोच्न र यो व्यर्थको विरोध बन्द गर्न आग्रह गर्दछु ।"

दूतावासको जानकारीमा आएअनुसार गत महिना धर्नाकारीहरुले योग्य नेपाली आवेदकहरुलाई पनि भिसा नदिलाउनका लागि धम्कीसमेत दिन शुरु गरेका छन् । उक्त समूहका प्रतिनिधिहरुले योग्य नेपालीलाई अमेरिकी आप्रवासी भिसाको आवेदनका लागि आवश्यक पर्ने स्वास्थ्यको प्रमाणपत्र बनाइदिने दुई नेपाली डाक्टरहरुलाई हिंसाको धम्की दिएको र जबरजस्ती पैसा असुल्ने प्रयास गरेका थिए ।

फागुन २३ गते आफू डीभी चिठ्ठा विरोधी समूहको सदस्य भएको दावी गर्ने सातजना युवाहरु एक नेपाली डाक्टरको क्लिनिकमा गएर दूतावासको स्वास्थ्यसम्बन्धी फारममा हस्ताक्षर बन्द गर्न दबाव दिएका थिए । (आप्रवासी भिसाको आवेदनका लागि चिकित्सकको समूहद्वारा जारी स्वास्थ्यसम्बन्धी प्रमाणपत्र आवश्यक पर्दछ ।) उक्त डाक्टरले आप्रवासका लागि योग्य नेपालीहरुलाई लाभ पुऱ्याइरहेको आफ्नो पेशागत काम गर्न नछाड्ने कुरा बताएका थिए । जवाफमा डीभीविरोधी समूहका एक सदस्यले "यस (इन्कार) को नतिजा धेरै नराम्रो हुनेछ ।" त्यसपछाडि डीभीविरोधीहरुले आफ्नो विरोध कार्यक्रम निरन्तर राख्न आर्थिक सहयोगको माग गरेका थिए, तर ती डाक्टरले पैसा दिन इन्कार गरे ।

त्यही दिन एक अर्को डाक्टरलाई पनि ११ डीभीविरोधीहरुले धम्की दिएका थिए । ती डाक्टरले पनि नेपाल मेडिकल काउन्सिल र  दूतावासले नभनुञ्जेल आफूले आफ्नो काम जारी राख्ने बताएका थिए । ती डाक्टरले आफूलाई खतरा भएको महसूस गरेको, तैपनि आफ्ना विरामीहरुप्रति जिम्मेवारीका कारणले आफ्नो काम जारी राखेको बताएका छन् । डाक्टरहरुको नाम वहाँहरुकै अनुरोधमा गोप्य राखिएको छ ।

डीभी विरोधीहरु ती डाक्टरहरुकहाँ पछि फेरि पनि दुइपटक गएको र नेपाली भिसा आवेदकहरुको स्वास्थ्यसम्बन्धी रिपोर्टको काम बन्द गर्न पुन: दवाब दिएको जानकारी दूतावासले पाएको छ ।

आप्रवासी भिसाका लागि योग्य सबै नेपाली आवेदकहरुको तर्फबाट दूतावास यस्ता क्रियाकलापको भर्त्सना गर्दछ र यो समूहलाई यस्तो व्यवहार तुरुन्तै बन्द गर्न आग्रह गर्दछ । यस्तो धम्कीले आवेदकहरुको स्वास्थ्य परीक्षणको काममा बाधा पुग्यो वा बन्द भयो भने दूतावासले आप्रवासी भिसा आवेदनसम्बन्धी काम अगाडि बढाउन सक्नेछैन । फलस्वरुप अन्य हजारौं नेपालीहरु अमेरिकामा बसोबास गर्ने मौकाबाट बञ्चित हुनेछन् ।

अमेरिकी आप्रवासी भिसाको सम्बन्धमा केही तथ्यहरु यसप्रकार छन् ।

- वार्षिक रुपमा सञ्चालन हुने गरेको अमेरिकी आप्रवासी भिसा कार्यक्रम (डीभी कार्यक्रम) नेपालमा लोकप्रिय छ । सन् २००० यतामात्र ७,५०० भन्दा बढी नेपालीले यस कार्यक्रममा सफलतापूर्वक आवेदन गरी आप्रवासी भिसाअन्तर्गत अमेरिका गइसकेका छन् । सन् २००६ मा मात्रै तीन लाखभन्दा बढी नेपालीले कम्प्युटरमार्फत अमेरिकी डीभी चिट्ठाका लागि आवेदन दिएका थिए ।
- डीभी कार्यक्रम अमेरिकामा बसोबास गर्ने समुदायमा बढीभन्दा बढी विविधता आवोस् भन्ने उद्देश्यबाट प्रेरित छ । यो कार्यक्रमअन्तर्गत केही सरल तर निश्चित योग्यताका आधारहरु पुग्ने व्यक्तिहरुले मात्र अमेरिकामा स्थायी बसोबासको अनुमति पाउँछन् ।
- डीभी चिट्ठामा छनौट हुने जोकोहीले पनि आप्रवासी भिसाको लागि आवेदन दिनसक्छ । तर यसका लागि ७५५ अमेरिकी डलर आवेदन शुल्कस्वरुप बुझाउनुपर्नेछ । यो अमेरिकी कानुनद्वारा नै निर्धारित हुन्छ र फिर्ता हुँदैन । कुनै पनि दूतावासलाई यो शुल्क परिवर्तन गर्ने, घटाउने, मिन्हा गर्ने अधिकार हुँदैन । डीभी कार्यक्रमका लागि विश्वका सबै देशमा एउटै शुल्क लाग्छ । यो शुल्क डीभी आवेदकहरुको कागजातको विस्तृत अध्ययनका लागि खर्च हुन्छ ।
- आवेदकहरुलाई उनीहरु किन छानिएनन् भन्ने कुरा अन्तर्वार्ताकै समयमा बताइन्छ र यसमा आकृष्ट हुने कानुनसमेत उल्लेख गरि लिखित रुपमा जानकारी दिइन्छ ।

सबै प्रकारका भिसाको आवेदनका लागि आवश्यक जानकारी दुतावासको वेब साइट http://nepal.usembassy.gov तथा www.travel.state.gov मा राखिएको छ ।